# विद्यालय समिति र टोलीहरूमा कसरी सहभागी हुने

परिवार र शिक्षकहरूले एक-साथ काम गर्दा, बालबालिका सफल हुने, प्रत्येक दिन विद्यालयमा हाजिर हुने र आफ्ना कक्षाका साथी र शिक्षकहरूसँग जोडिएको महसुस गर्ने सम्भावना बढी हुन्छ। विद्यालयमा संलग्न भएका अभिभावक र स्याहारकर्ताहरूले आफू विद्यालय समुदायको हिस्सा भएको महसुस गर्छन्। केही परिवारहरूले आफ्नो बच्चाको विद्यालयमा सहभागी हुन रोज्ने एउटा महत्त्वपूर्ण तरिका भनेको विद्यालय टोली वा समितिमा सामेल हुने हो। अभिभावक र स्याहारकर्ताहरू विद्यालय वा डिस्ट्रिक्टको बारेमा निर्णयहरू गर्न अन्य परिवारहरूलाई भेट्न र शिक्षक र प्रशासकहरूसँग काम गर्न सक्षम सक्छन्।

## म कसरी संलग्न हुन सक्छु?

### अभिभावक समूह बैठकहरूमा उपस्थित हुनुहोस्।

अधिकांश विद्यालयहरूमा, अभिभावक र स्याहारकर्ताहरू एक-साथ भेट्नको लागि समूहहरू हुन्छन्। यी समूहहरूमा, अभिभावक र विद्यालयका कर्मचारीहरूले उनीहरूका चिन्ताहरू बारे छलफल गर्छन् र विद्यालयका सबै विद्यार्थी, शिक्षक र परिवारहरूलाई सहयोग गर्न गतिविधिहरूको योजना बनाउँछन्। कहिलेकाहीँ अभिभावक समूहहरू विशेष विषय वा सांस्कृतिक समूहहरूमा केन्द्रित हुन सक्छन्।

> कहिलेकाहीँ समूहलाई Parent Teacher Association (PTA) वा Parent Teacher Organization (PTO) भन्न सकिन्छ।

### विद्यालय नेतृत्व टोलीमा सामेल हुनुहोस्।

Ohio मा, प्रत्येक स्कुल डिस्ट्रिक्टमा टोलीहरू हुन्छन् जसले आफ्ना विद्यालयहरू सुधार गर्न एक-साथ काम गर्छन्। टोलीहरूमा सामान्यतया विद्यालयका कर्मचारी र प्रशासक, समुदायका सदस्य र परिवारका प्रतिनिधिहरू समावेश हुन्छन्। यदि तपाईं विद्यालय नेतृत्व टोलीको हिस्सा बन्न इच्छुक हुनुहुन्छ भने, तपाईंले तपाईंको बच्चाको शिक्षक, विद्यालयको प्रधानाध्यापक वा अन्य अभिभावकलाई तपाईंको विद्यालय वा डिस्ट्रिक्टमा भएका अवसरहरूको बारेमा सोध्न सक्नुहुन्छ।

तपाईं जस्ता अभिभावक र परिवारहरू यी टोलीहरूमा सामेल हुन सक्नुहुन्छ। तपाईंले विद्यालयका

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University

अगुवाहरूसँग महत्त्वपूर्ण सिफारिस र विचारहरू साझा गर्न सक्नुहुन्छ। विद्यालय टोलीहरूमा रहेका अभिभावक वा स्याहारकर्ताहरूले विद्यालयहरूलाई महत्त्वपूर्ण निर्णय गर्न मद्दत गर्छन्। उनीहरूले विद्यालय र सिकाइ सुधार गर्न परिवर्तनको समर्थन गर्छन्। तल तपाईंले आफ्नो विद्यालयमा फेला पार्न सक्नुहुने टोलीका प्रकारहरूको बारेमा जानकारी दिइएको छ।

### डिस्ट्रिक्ट नेतृत्व टोली

यस टोलीमा विद्यालयका कर्मचारी, सामुदायिक साझेदार र विद्यालयका अगुवाहरू समावेश हुन्छन्। उनीहरूले स्कुल डिस्ट्रिक्टको निरीक्षण गर्छन्। यो टोली सम्पूर्ण विद्यालय डिस्ट्रिक्टलाई प्रभाव पार्ने परिवर्तनहरूमा केन्द्रित हुन्छ।

### भवन नेतृत्व टोली

भवन नेतृत्व टोलीमा विद्यालयका कर्मचारी, शिक्षक र विद्यालयका अगुवाहरू समावेश हुन्छन्। यी अगुवाहरूमा प्रधानाध्यापक र विद्यालय प्रशासकहरू समावेश हुन्छन्। यो टोली एकल विद्यालयमा गरिने परिवर्तनहरूमा केन्द्रित हुन्छ।

### सकारात्मक व्यवहार मध्यस्थता र सहायता टोली (Positive Behavioral Interventions and Supports Team)

Ohio विद्यालयहरूमा सकारात्मक व्यवहार मध्यस्थता र सहायता टोलीहरू (PBIS) हुन्छन्। यिनीहरूले विद्यालयले प्रत्येक विद्यार्थीको कल्याण र सिकाइमा सहायता गर्ने अभ्यासहरू प्रयोग गरिरहेको छ भनी सुनिश्चित गर्न परिवार र विद्यालयका कर्मचारीहरूसँग काम गर्छन्।

## मैले विद्यालयलाई कस्ता प्रश्नहरू सोध्न सक्छु?

- म विद्यालयमा संलग्न हुन सक्ने विभिन्न तरिकाहरू के-के हुन्?
- विद्यालयमा कसरी संलग्न हुने भनेर म कसलाई सोध्न सक्छु?
- के म संलग्न हुन मैले अङ्ग्रेजी जान्नु आवश्यक छ?
- मैल कसरी विद्यालयमा स्वयंसेवा गर्न सक्छु?
- म कस्ता अभिभावक वा पारिवारिक समूहहरूमा सामेल हुन सक्छु?

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 

## मलाई अङ्ग्रेजी प्रयोग गर्न सहज लाग्दैन भने के हुन्छ?

विद्यालयहरूले परिवारहरूका लागि दोभाषेहरू उपलब्ध गराउनुपर्छ। दोभासेहरूले परिवारहरूलाई शिक्षक र विद्यालयका कर्मचारीहरूसँग कुराकानी गर्न मद्दत गर्न सक्छन्। विद्यालयले परिवारहरूलाई विद्यालयका कार्यक्रमहरूमा मद्दत गर्न उपलब्ध दोभाषेहरू पनि उपलब्ध गराउन सक्छ। तपाईंले कुनै पनि शुल्क बिना विद्यालयबाट व्याख्या वा अनुवाद अनुरोध गर्न सक्नुहुन्छ। हाम्रो दोभाषेहरू प्रयोग गर्ने खण्डमा यस बारे थप जान्नुहोस्।

### अतिरिक्त संसाधनहरू

- यो Colorin Colorado संसाधनले अभिभावक र परिवारहरू कसरी आफ्नो बच्चाको विद्यालयमा संलग्न हुन सक्छन् भनी बताउँछ। https://www.colorincolorado.org/article/parent-participation-how-get-involved-your-childs-school-activities
- यो USA Hello पृष्ठले अभिभावकहरूले कसरी आफ्नो बच्चाको शिक्षामा सहायता गर्न सक्छन् भनी बताउँछ। https://usahello.org/education/children/help-child-in-school
- यो Ready4K गाइड विद्यालयहरू नेभिगेट गर्ने र तपाईंको बच्चाको शिक्षामा संलग्न हुने बारेमा छ। https://learn.ready4k.com/school-newcomer-resource
- यो Raising Language Learners पृष्ठले तपाईंको बच्चाको शिक्षामा सहभागी हुनका लागि विचारहरू उपलब्ध गराउँछ। https://raisinglanguagelearners.com/ideas-to-participate-in-your-childs-education

*यी संसाधनहरू Ohio का बहुभाषिक शिक्षार्थीहरूको लागि शैक्षिक, विद्यार्थी कल्याण र कलेज र क्यारियर परिणामहरूलाई बलियो बनाउन लक्षित छन्। संसाधनहरू पारिवारिक अधिवक्ता, समुदायका अगुवा, स्कुल डिस्ट्रिक्टका कर्मचारी र शिक्षकहरूको समर्पित समूहका साथ-साथै Ohio Department of Education and Workforce र The Ohio State University's Center on Education and Training for Employment बीचको सहयोगात्मक प्रयास मार्फत सिर्जना गरिएका थिए।*

[प्रतिलिपि अधिकार] ©2024 Center on Education and Training for Employment, The Ohio State University 